# चन्द्रपुर नगरपालिकाको बालसंरक्षण नीति, २०७७

स्वीकृत मिति : ..............................

प्रमाणित मिति : २०७७।०५।२२

**चन्द्रपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चन्द्रनिगाहपुर, रौतहट प्रदेश नं.२**

Scanned with CamScanner

## १.पृष्ठभूमि

बालबालिकाहरु देशका मुख्य आधार हुन् । आजका बालबालिका नै भविष्यमा राष्ट्रका नीतिनीर्माता हुन् । उचित शिक्षा, पालनपोषण र अवशर दिई बालबालिकालाई आज जति योग्य बनाउन सकिन्छ , भविष्यमा त्यति नै देशले उचित नेतृत्व पाउने सम्भावना हुन्छ । उनीहरु आफ्नो हितका बारेमा वपस्कले झैं सोच्न सक्दैनन्, त्यसैले यसको नजायक फाईदा लिन बालबालिका प्रति धैरै प्रकारका दुर्व्यवहारहरु हुन सक्दछ । उनीहरुलाई अर्काको पालनपोषण र स्याहार सम्भारको आवश्यकता पर्दछ । बालवालिकाको पालनपोषण , स्याहार, विकास र संरक्षणको प्राथमिक दाहित्व बाबुआमा र संरक्षकको हो साथै गर्भावस्थामा र जन्मेपछि बालबालिकालाई उचित स्याहार, पालन पोषण, शिक्षा दीक्षा दिई तथा संरक्षण गरी योग्य नागरिक बनाउनु सम्बधित सबैको दायित्व हो ।

सयुक्त राष्ट्रसङ्घीय बालअधिकार सम्बन्धी महासन्धि १९८९ लाई सेक्टेम्वर १४, १९९० मा अनुमोदन गरेर नेपालले बालबालिकाको विकास, बाच्नु, बालअधिकारको संरक्षण र बाल सहभागिता जस्ता विषयमा आफ्नो अन्तराष्ट्रिय प्रतिवद्धता प्रकट गरेको छ। नेपालको संविधान, २०७२ मा बालबालिकाको संरक्षण, सशक्तीकरण तथा विकासकालागि कानूनद्वारा विशेष व्यवस्था गर्न सक्ने प्रावधान राखिएको छ । त्यस्तै नि:शुल्क शिक्षा पाउने र प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त हुने र प्रत्येक बालबालिकालाई शारिरीक, मानसिक वा अन्य कुनैपनि किसिमको शोषण विरद्धको हक हुने व्यवस्था पनि संविधानमा गरिएको छ । संविधान अनुसार कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै पनि जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाइदैन ।

नेपालमा बालबालिकाको हक हित संरक्षणको निमित्त बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा आएको छ । त्यसैगरी नेपालको सङ्घीय शासन अनुरुप स्थानीय सरकार संचालन ऐन पनि कार्यान्वयनमा आईसकेको छ । स्थानीय सरकारद्वारा आफ्नो अधिकार प्रयोग गरी बालअधिकार, बालसंरक्षणलाई जोड दिई यो नीति जारी गरिएको छ ।

## २. विगतका प्रयासहरु :

यस पालिकाले विद्यालय भन्दा वाहिर रहेका बालबालिकाहरुलाई लक्षित गरी विद्यालय भर्ना अभियान सञ्चालन गरी पूर्णरुपले भर्ना गराउन सफलता प्राप्त गरेको पालिका क्षेत्रका बालबालिकालाई विद्यालयमा भर्ना गराएको छ। समय समयमा राजनैतिक दलका प्रतिनीधिहरुसँग बालसंरक्षणका विषयमा छलफल, अन्तरकिया गरी बालसंरक्षणलाई उच्च प्राथमिकता दईि सोको सुनिश्चितताका लागि जम्मेवारी र भूमिकाको किटान गर्ने र व्यवहारमा उतार्ने प्रयासहरु भएका छन् । खास गरी समग्र बालअधिकार तथा बालसंरक्षणका लागि पालिका धित्र रहेका सबै

Scanned with CamScanner

सरोकारवालाहरुको प्रतिवद्धता लिने काम समेत भईरहेको छ । पालिका भित्रका किशोरकिशोरीहरुलाई वबलसंरक्षण सम्बन्धी तालिम दिएर उनीहरुलाईनै विभिन्न विद्यालयका आधारभूत र माध्यामिक विद्यालयमा परिचालन गराएर बालसंरक्षण सम्बन्धी प्रशिक्षण मा सहभागी गराएर सचेत वनाउने कार्य भईरहेको छ ।

### वर्तमान स्थिती

यस पालिकाले बालअधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न क्रियाशिल हुदै बालबालिकाको जन्म दर्तालाई बशतप्रतिशत बनाउन,बालबालिकलाई कुपोषबाट मुक्त गर्न ,बालविवाश प्रथाको पूर्ण अन्त्य गर्न, निकृष्ट प्रकाको श्रममा संलग्न भईरहेका बालबालिकाहरुको उद्धार तथा पून:स्थापना गर्न, बालबालिका माथि हुने वा हुन सक्ने हिंसा र दुर्व्यवहारका घटनाहरु समेत हुन नदिने अवस्थाको सृजना गर्न,अपाङ्गता भएका, गरिको मारमा परेका, पछाडि पारिएका परिवारका बालबालिकाको शिक्षा, स्वास्थ्य, सूचना, अवशर,संरक्षण,लगायतका सेवाको सुनिश्चितता, पहुच र सामाजिक सुरक्षाको स्थितिमा सुधार गर्न प्रयासरत रहेको छ । त्यस्तै हधिधावक विहिन बालबालिका तथा हिंसा, दुर्व्यवहार र शोषणको जोखिममा रहेका बालबालिकाको लागि सामाजिक सुरक्षा र पून:स्थापना पर्याप्त रुपमा गर्न सकिएको छैन ।

समाज व्याप्त गरिवी,अशिक्षा, पारिवारिक दुघटना र बालबालिका विरुद्ध हुने गरेका हिंसा, शोषण तथा दुर्व्यवहारंका घटनाहरुले गर्दा बालअधिकार कुण्ठित हुन पुग्ने गरेको छ भने यस्ता घटनाबाट पिडित बालबालिकाको पून:स्थापनाका लागि एकीकृत बालकल्याण सेवाको अभाव रहेको छ । तसर्थ यस बालसंरक्षण नीतिले बालसंरक्षण क्षेत्रमाघर, परिवार, समुदाय, सरकार लगायत सरोकारवाला संघ संस्थासँगको समन्वयात्मक कियाशिलतालाई थप मजबुद बनाई बासंरक्षणसँग सम्बन्धित विषयहरुको समाधानका लागि यस नीति पर्याप्त सम्बोधन गर्दै जानु पर्ने अवस्था देखिएको छ ।

### ४.मुख्य समस्या र चुनौती

यस पालिकामा बालसंरक्षण सम्बन्धी मुख्य समस्या तथा चुनौतीहरुका बारेमा उल्लेख गर्नु पर्दा विगतमा सम्पन्न बालभेलामा बालबालिकाले उठाएका सवाल तथा बालसंरक्षणको क्षेत्रमा सम्पन्न गतिविधिहरुले सम्बोधन गर्न नसकेका सवालहरुलाई उल्लेख गर्नु उपयुक्त देखिन्छ। यसरी हेर्दा बालबिवाह,दाईजो,बालश्रम, (विशेष गरी होटल, यातायात मजदुर, ईटाभट्टामा कार्यरत बालबालिका) जन्मदर्ताबाट बञ्चित रहेका बालबालिका, लागुपदार्थ दुर्व्यसनी, लैंगिक हिंसाको शिकार हुनु, विद्यालयमा बालबालिकाका लागि पूर्णरुपमा छुट्टाछुटै शौचालयको व्यवस्था,

रामचन्द्र चौधरी
नगर प्रमुख

Scanned with CamScanner

बालबालिकाहरु हेपाईको शिकार हुनु, बालबालिकाहरु उपेक्षा र बेवास्तामा पर्नु, मानव बेचविखन, भ्रुण हत्या, भेदभाव, सडक बालबालिका, मानसिक असन्तुलन भएका बालबालिका, बेवारिसे अवस्थामा फेला परेका बालबालिका, शारिरीक दण्ड सजाय, विद्यालय भन्दा बाहिर रहनु, अभिभावक विहिन तथा अपाङ्गता भएका बालबालिका प्रमुख समस्याका रुपमा रहेका छन् ।

विगतमा यस पालिकाबाट बालबालिकाको क्षेत्रमा तय गरेका विभिन्न कार्ययोजनाहरु खास गरी बालबचावट, बालविकास, र बालसहभागिताको क्षेत्रमा कार्य सम्पादन भएको भएता पनि समग्र रुपमा बालसंरक्षणका योजना, कार्यक्रमहरु ओझेलमा परेको पाइन्छ । बालसंरक्षणका गतिविधिहरु ओझेलमा पर्नु चुनौतीका रुपमा हेर्दा स्वयम् पालिकाले बालसंरक्षणलाई केन्द्रित गरी कार्यक्रम तथा योजनाहरु प्राथमिकताका साथ अगाडी बढाउन नसकेको तथा कार्यान्वयनमा अन्य सरकारी निकाय, विकासका साझेदार, गैर सरकारी संघ संस्था, नागरीक समाज, बालबालिका, अभिभावकहरु र सम्बन्धित समुदाय लगायत मुख्य सरोकारवाला सबै सँग समन्वय गरी परिचालन गर्न थप आवश्यक रहेको छ ।

अर्कोतर्फ पालिकामा विद्यमान बालसंरक्षणका क्षेत्रमा क्रियाशिल स्थानीय स्तरका संयन्त्रहरुको क्षमता अभिवृद्धि गरी प्रभावकारी रुपमा परिचालन गर्न सकिएको छैन । धेरै बालबालिका एक भन्दा बढी समस्याबाट प्रभावित हुने गरेको तर धेरै जसो परियोजना तथा कार्यक्रमले बालसंरक्षण सम्बन्धी एउटा मात्र सवाललाई सम्बोधन गर्ने गरेकोले बालसंरक्षणको समग्र सवाललाई सम्बोधन गर्न नसकिएको अवस्था यस पालिकामा पनि देखिन्छ ।

## ५. नीतिको आवश्यकता

यस पालिकाले समग्र बालअधिकार र बालसंरक्षणको क्षेत्रमा विभिन्न गतिविधिहरुलाई प्रभावकारी रुपमा अगाडि बढाउन प्रयासरत छ । विद्यालयका शिक्षकहरुलाई बालअधिकार र भयरहित शिक्षण सिकाइका सम्बन्धमा तालिम, अभिमुखीकरण सञ्चालन गरेको छ । सबै बालबालिकाको जन्म दर्ता गराउने, बिद्यालयमा अध्ययनरत तथा विद्यालय बाहिरका बालबालिकाहरुको सहकार्यमा समुदाय स्तरमा सडक नाटक, र्याली,सचेतना कार्यक्रम भईरहेका छन् । समय समयमा राजनीतिक दलका प्रतिनीधिहरुसँग बालसंरक्षणका विषयमा छलफल, अन्तरक्रिया गरिएको छ । बालसंरक्षण र खास गरी समग्र बालअधिकारको संरक्षणका लागि पालिकाका सबै सरोकारवाला सँग समन्वय र सहकार्य गर्ने प्रयास जारी छ ।

य पालिकाले गरेका प्रयासहरुलाई गप प्रभावकारी बनाउन र बाँकी काम गर्नु पर्ने टड्कारो आवश्यकता रहेको छ । स्थानीय स्तरमा रहेका सामाजिक संघ संस्था र सामाजिक अगुवाहरु एवम् समग्र रुपमा स्थानीय स्तरमा विद्यमान बादसंरक्षण सयन्त्रहरुको अहम् भूमिका रहेको छ र यसका लागि समुदाय स्तरमा संयन्त्रहरु व्यापक परिचालन हुन नरुरी छ । यस पालिकामा

रामचन्द्र चौधरी
नगर प्रमुख

Scanned with CamScanner

क्रियाशिल संघ संस्थाहरुलाई बालसंरक्षणको क्षेत्रमा तय गरेको कार्ययोजना कार्यान्वयनका लागि थप सशक्त बनाउनु आवश्यक छ । हाल सम्म बालसंरक्षण नीतिविना नै बालसंरक्षणका क्षेत्रमा सञ्चालन गरेका गतिविधिले निश्चित दिशा लिन सकेको छैन । त्यसैले बालसंरक्षणका क्षेत्रमा गरिएका र गर्नुपर्ने कार्यक्रमहरुलाई निश्चित आकार र दिशा दिन पालिकाका सरोकारवालाहरुलाई बालसंरक्षण अभियानमा प्रभावकारी र दिगो रुपमा सहागिता जुटाउन, बालबालिकामाथि हुने सबै किसिमका बालसंरक्षण सम्बन्धी सवालहरुलाई प्रभावकारी रुपमा सम्बोधन गर्नका लागि बालसंरक्षण नीति तयार गरी लागु गर्नु पर्ने आवश्यकता टट्कारो रुपमा देखिएको छ ।

नीतिको दीर्घकालिन लक्ष्य

स्थानीय सरकार,बिषयगत क्षेत्रहरु,अभिभावक, शिक्षक र विकासका राष्ट्रिय तथा अन्तराष्ट्रिय साझेदार संस्था र सबै सरोकारवालासँगको समन्वय र सहकार्यमा यस पालिकाका सबै वर्ग र समुदायका बालबालिका बालअधिकारको पुर्ण उपभोग गर्दै सक्षम र योग्य नागरिकको रुपमा व्यक्तित्व विकास गर्न सक्ने रहेको छ ।

नीतिका प्रमुख उदेश्य

७.१. सबै किसिमका शारिरीक वा मानसिक हिंसा, क्षती वा दुर्व्यवहार, परित्याग, उपेक्षा,शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने ।

७.२. बालबालिका प्रतिको विभेद अन्त्य गर्ने ।

नीति

उद्देश्य ७.१ को लागि (**सबै किसिमका शारिरीक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार,परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने**)

८.१.बालवालिकाको पहिचानको अधिकारलाई सुनिश्चित गर्ने एक उपायको रुपमा जन्मदर्तालाई लिइनेछ। पालिकाको भु-भाग भित्र जन्मेका वा वेवारिसे अवस्थामा फेला परेका कुनै पनि लिङ्का बालबालिकालाई अनिवार्य रुपमा तुरुन्त जन्म दर्ता गर्ने कानुनी प्रावधान, प्रक्रिया तथा जन्मदर्ताको महत्वको वारेमा सरोकारवाला व्यक्ति वा संस्थाको चेतना जागरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालय भर्ना लगायतका अन्य कार्यमा अनिवार्य जन्मदर्ता प्रमाणपत्र आवश्यक पर्ने व्यवस्था गरी जन्मदर्ता प्रमाणपत्रको प्रयोगको दायरा बढाइनेछ ।

रामचन्द्र चौधरी
प्रमुख

Scanned with CamScanner

८.२ विद्यालय परिसरमा राजनैतिक क्रियाकलाप निषेध गरिनेछ। यस कार्यको लागि स्थानीय बालअधिकार समितलाई क्रियाशिल गराई पूर्णरुपले बालबालिका तथा विद्यालयलाई शान्ती क्षेत्र गराइनेछ।

८.३. बालबालिकाको यौन शोषण र यौन दुर्व्यवहारलाई गम्भीर अपराधको रुपमा लिइनेछ र यसको रोकथाम तथा उचित सम्बोधनका लागि योजनाबद्ध रुपमा काम गरिनेछ।

८.४ आफ्नो बालबालिका वा आफ्नो संरक्षणमा रहेबसेका बालबालिकालाई कुनै किसिमको शोषण, दुर्व्यवहार,अपहेलना गर्न नपाउने व्यवस्था गरिनेछ।

८.५. जोखिममा परेका र सिमान्तकृत बालबालिकाका लागि तत्काल उद्धार तथा आवश्यक सहयोग प्रदान गर्ने व्यवस्था गरिनेछ। अत्यधिक जोखिममा परेका बालबालिकाको तुरुन्त उद्धार। आवश्यक सहयोगका लागि कोषको व्यवस्था गरि परिचालन गरिनेछ।

८.६. बालबालिका उपर हुने सबै प्रकारका शारिरीक र मानसिक दुर्व्यवहार विरुद्ध शून्य सहनशिलता अपनाईनेछ। परिवार शिक्षण संस्थाले बालबालिकालाई शारिरीक र मानसिक दुर्व्यवहार गर्न नपाईने व्यवस्था गरिनेछ।

८.७. पालिका क्षेत्रभित्रका विद्यालयहरुमा बालबालिका माथि हुने वा हुन सक्ने लैङ्गिक हिंसा, दुर्व्यवहार, शारिरीक दण्ड सजाय, भेदभाव लगायतका बालअधिकार तथा बालसंरक्षण हननका घटनाहरुलाई रोकथाम तथा अन्त्य गरिनेछ र सोका लागि आवश्यक योजना बनाई कार्यान्वयन गरिनेछ।

८.८. बालबालिकाको बेचबिखन र ओसारपसार कार्यलाई रोगथाम गर्न प्रभावकारी उपाय अवलम्न गरिनेछ।

८.९. बेचबिखन र ओसारपसारबाट उद्धार गरिएका बालबालिकाको परिवार तथा समुदायमा पूर्नस्थापनाको व्यवस्था गरिनेछ।

८.१०. बालविवाह अन्त्यका लागि सरकारी तथा विकासका साझेदार सङसंस्थाहरुलाई परिचालन गरिनेछ। यसकालागि स्थानीय बालअधिकार समितिलाई थप जिम्मेवारी दिइनेछ। बालविवाह गर्ने गराउनेलाई निरुत्साहित गरिनेछ।

८.११.बालबालिकालाई श्रमिकका रुपमा प्रयोग गर्ने कार्यलाई निरुत्साहित गरिनेछ। बालश्रम प्रयोगको अनुगमन गर्ने प्रणालीलाई सशक्त बनाइनेछ। यस कार्यका लागि स्थानीय बालअधिकार समिति लगायतका संयन्त्रहरुलाई परिचालन गरिनेछ। उद्धार गरिएका बालश्रमिकको पारिवारिक तथा संस्थागत पुनःस्थापनाको लागि आवश्यक कदम चालिनेछ।

८.१२. यस पालिकाको कुनै पनि कार्यमा बालश्रम प्रयोग गरिने छैन र बालश्रम प्रयोग भएको कुनै पनि सेवा लिईने छैन। साथै यस पालिकाका सम्पुर्ण पदाधिकारी, कर्मचारी र साझेदारहरुले बालश्रमको प्रयोग नगरेको सुनिश्चितता गरिनेछ।

रामचन्द्र चौधरी
नगर प्रमुख

Scanned with CamScanner

८.१३. स्वास्थ्य सेवामा एचआईभी र एडस् संक्रमित बालबलिकाको पहुँचलाई सहज बनाइनेछ। एचआईभी र एडस्बाट रोगथाम, सुरक्षाका उपायहरु, रक्त परीक्षण लगायतका एचआईभी र एडस शिक्षा सम्बन्धमा व्यापक चेतना अभिवृद्धि गर्ने व्यवस्था गरिनेछ। एचआईभी र एडसबाट संक्रमित तथा प्रभावित बालबालिकाको अभिलेख राख्ने व्यवस्था मिलाइनेछ। एचआईभी र एडसबाट संक्रमित तथा प्रभावित बालबालिकाका निम्ति स्वास्थ्य उपचार, पोषण लगायतका आधारभुत सेवा, पारिवारिक, सामुदायिक तथा संस्थागत पूनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ। एचआईभी र एडस्बाट संक्रमित बालबालिकाको पहिचान खुल्ने विवरणलाई गोप्य राख्ने व्यवस्था मिलाइनेछ। आमाबाट शिशुमा एचआईभी र एडस् संक्रमण नियन्त्रण सम्बन्धी कार्यक्रम विस्तार गरिनेछ।

८.१४. कुनै पनि कारणले आन्तरिक रुपमा विस्थापित भएका बालबालिकाको पहिचानको अधिकार सुनिश्चित गरी अभिलेख राख्ने व्यवस्था गरिनेछ।

८.१५. अपाङ्गता भएका बालबालिकाको अभिलेख दुरुस्त गर्ने व्यवस्था मिलाइनेछ। अपाङ्गता हुन सक्ने कारण, रोगथामका उपाय र आवश्यक हेरचाहका बारेमा चेतना जागरणका कार्यक्रम सञ्चालन गरिनेछ। अपाङ्गता भएका बालबालिकाको निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ र शिक्षा स्वास्थ्य जस्ता आधारभूत सेवामा सहज पहुँचको व्यवस्था सुनिश्चित गरिनेछ। सार्वजनिक स्थल तथा भवनहरुमा, सूचना सञ्चारमा, अतिरिक्त क्रियाकलापमा अपाङ्गता भएका बालबालिकाको सरल र सहज पहुँच बढाउन आवश्यक पर्ने भौतिक सुविधा र संयन्त्रको विकास गरिनेछ।

८.१६. बाबुआमा दुबै नभई हेरचाह गर्ने कोही नभएका र बाबुआमा मध्ये एक भए पनि पालनपोषण गर्न सक्षम नभएका वा परित्यक्त वा बेवारिसे अवस्थामा फेला परेका बालबालिकाको पहिचान गरी दुरुस्त अभिलेख राख्ने व्यवस्था गरिनेछ। बालबालिकाका आफ्नै आमा,बाबु वा नातेदारबाट हेरचाह गर्ने कार्य प्रवर्द्धन गर्न पारिवारिक सहयोग, व्यवसायक तालिम, जीविकोर्पाजन, पालनपोषण भत्ता जस्ता क्रियाकलाप संञ्चालन गरिनेछ।

८.१७. बालगृह मार्फत गरिने संस्थागत स्याहारलाई अन्तिम विकल्पको रुपमा मात्र प्रबर्द्धन गरनेछ।

८.१८. स्थानीय तह र अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरु मार्फत परित्यक्त र वेवारिसे बालबालिकाका बाबु आमा परिवारको खोजी गरिनेछ। बाबुआमा वा परिवार भेटिएमा परिवारमा नै राखि हेरचाह गर्ने उपाय अबलम्वन गरिनेछ। बाबु वा आमा वा दुबै जेलमा परि हेरचाह गर्ने अरु कोही नभई आफूसँगै जेलैमा बसेका बालबालिकालाई संस्थागत हेरचाहको व्यवस्था गरिनेछ।

८.१९. सडक बालबालिका भेटाईएको खण्डमा उनीहरुलाई तत्काल उद्धार गरी ट्रान्जिट सेन्टरमा राखेर परिवारको खोजी गरी परिवारमा पून:एकीकरण गरिनेछ र आवश्यक सहयोग गरिनेछ।

८.२०. परम्परा, संस्कृति, जात,धर्मका आधारमा बालबालिकालाई हानी पुर्‍याउने सबै किसिमका प्रचलनहरुलाई निरुत्साहित गरिनेछ। परम्परागत हानीकारक अभ्यासहरु बिरुद्ध प्रभार प्रसार गरिनेछ। परम्परागत हानीकारक अभ्यासमा संलग्न गराइएका बालबालिकालाई उद्धार गरी आवश्यकता अनुसार पारिवािरक पुन: स्थापनाको व्यवस्था गरिनेछ।

८.२१. लागुऔषध वा दुर्व्यसनमा लागेका बालबालिकाको पुनः स्थापनाका लागि आवश्यक पहल गरिनेछ र रोगथाम तथा नियन्त्रणका लागि सरोकारवालाहरुसँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ।

८.२२. सेवा प्रदायक, बालबालिका र जिम्मेवार निकायहरु समेत सबैमा बाल अधिकार तथा बालसंरक्षण सम्बन्धी संवेदनशीलता र जवाफदेहीताको विकास गरिनेछ।

८.२३. बालबालिकालाई घरमा, विद्यालयमा, संघ संस्थामा काम गर्ने ठाँउमा वा समुदायमा कुनै पनि किसिमको दुर्व्यवहार, शोषण,हिंसा, भेदभाव, शारिरीक दण्ड सजाय,यातनाहरुबाट सुरक्षित गर्न बनेका कानुनलाई प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ। बिद्यालयमा हुने शारिरीक तथा लैङ्गिक हिंसालाई रोगथाम सम्बोधन गर्न गुनासो सुनुवाई व्यवस्थालाई प्रभावकारी बनाइनेछ।

८.२४.संरक्षण तथा सुरक्षाको आवश्यकता परेका बालबालिकाहरुका लागि तत्काल सहायता उवलब्ध गराउनका लागि बालहेल्प डेक्सको स्थापना गरी संचालनमा रहेका बालहेल्प लाइन हटलाईन जस्ता सेवाहरुको प्रचारप्रसार गरिनेछ।

८.२५. बालबालिकाको निम्ति क्रियाशिल सरकारी तथा विकासका राष्ट्रिय- अन्तराष्ट्रिय साझेदारहरुलाई बालसंरक्षण क्षेत्रमा कार्यक्रम सञ्चालनका लागि पहल तथा पैरबी गरिनेछ र कार्यक्रमको प्रभावकारी अनुगमन गरिनेछ।

८.२६.दुर्व्यवहार, हिंसा,बञ्चितीकरण, शोषण, अपहेलना लगायत सबै प्रकारका हानीबाट बालबालिकालाई जोगाउन बिद्यमान नीतिमा आवश्यक सुधार गरिनेछ।

८.२७.बालसंरक्षणका सवालहरुलाई वार्षिक तथा आवधिक योजनामा प्राथमिकताकासाथ समावेश गरिनेछ। स्थानीय सरकारको वार्षिक कार्यक्रम र वजेट विनियोजनमा बालसंरक्षण लक्षित कार्यलाई प्राथमिकता दिइनेछ।

८.२८.वेवारिसे रुपमा फेला परेका बालबालिकाहरु, तिनका आमा-बुबा वा अभिभोवक वा संरक्षणकर्ताको जिम्मा नलागुञ्जेल यस पालिकाको संरक्षणमा रहने व्यवस्था गरिनेछ।

८.२९.भुकम्प, बाढी, पहिरो, शितलहर, आगलागि जस्ता प्राकृतिक प्रकोपको समयमा बालसंरक्षणको प्रभावकारी कार्य गर्नका लागि विपत् व्यवस्थापन तथा पूर्वतयारी योजना बनाउनुको साथै पिडित वा प्रभावित बालबालिकाहरुलाई उद्धार तथा आवश्यक सहयोग गरिनेछ।

८.३०. कानुनको सम्पर्गमा आएका बालबालिकालाई प्रचलित कानुन अनुसार उपर्युक्तता हेरी पालिकामा न्यायिक समिति तथा केन्द्रवाट आवश्यक सेवा प्रदान गरिनेछ।

रामचन्द्र चौधरी
नगर प्रमुख

उद्देश्य ७.२ को लागि (बालबालिका प्रतिको विभेद अन्त्य गर्ने)

८.३१. परिवारमा छोरा र छोरी, अपाङ्गता भएका र नभएका, सानो उमेरका र ठूलो उमेरका, आफ्ना सौतेनी आमाका संरक्षणमा रहेका बालबालिका बीच हेरचाह तथा पालनपोषण भेदभाव गर्न नपाइने व्यवस्था गरिनेछ ।

८.३२. सेवा प्रदायकले जातजाती,धर्म,वर्ग,भाषा, भेषभूषा, सम्पन्नता वा विपन्नता, अपाङ्गता भएका वा नभएका, सानो उमेर वा ठूलो उमेर, भौगोलिक क्षेत्र जस्ता आधारम भेदभाव गर्न नपाउने व्यवस्था गरिनेछ ।

८.३३.गर्भमा नै बालबालिकाको लिङ्ग पहिचान गर्ने,लिङ्गका आधारमा भेदभाव गर्ने र गर्भपतन गर्ने प्रचलनको अन्त्य गरिनेछ ।

९. रणनीति

उद्देश्य ७.१. सँग सम्बन्धित रणनीति (सबै किसिमका शारिरीक, मानसिक,हिंसा, क्षती,दुर्व्यवहार,उपेक्षा, यौन दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने)

९.१. बालबालिकाको संरक्षणको सबैभन्दा उत्तम उपाय बालबालिका परिवारमा नै रहने वातावरण सृजना गर्नु भएकाले बालबालिकाको पलनपोषण, हेरचाह गर्न र शिक्षा दिक्षा दिन नसक्ने विपन्न परिवारलाई आर्थिक र अन्य भौतिक सहयोग प्रदान गर्ने मापदण्ड र सयन्त्र तयार गरी कार्यान्वयन गरिनेछ । त्यस्ता बालबालिकालाई जीवन उपयोगी शिक्षा दिइनेछ र अभिभावकलाई अभिभावक शिक्षा सहितको परामर्श दिइनेछ ।

९.२. बालश्रमले बालबालिकाको दीर्घकालिन शारिरीक, मानसिक र सामाजिक विकासमा असर गर्ने भएकाले यसको निवारणका लागि कुनै घर, व्यवसाय, उद्योग वा कलकारखानामा बालबालिकालाई बालश्रमिकको रुपमा काममा लगाए नलगाएको बारेमा जाँचबुझ गर्न अनुगमन प्रणालीलाई प्रभावकारी वनाईनेछ। कुनै रोजगार दाताले बालबालिकालाई निकृष्ट प्रकारको श्रममा लगाइएको पाईएमा बालबालिकाको तत्काल उद्धार गरी रोजगारदातालाई कारवाहीको लागि सिफारिस गरिनेछ । त्यसरी उद्धार गरिएको बालबालिकाको पुनः स्थापनाको लागि आवश्यक सहयोग उपलव्ध गराइने छ । साथै बालबालिकालाई घरेलु मजदुरमा प्रयोग हुने व्यवस्थालाई निरुत्साहित गरिनेछ ।

९.३. बालसंरक्षणका सबै सवालहरुमा चेतना अभिवृद्धि गरिनेछ । सरकारी निकाय सामाजिक संघ संस्था, विद्यालय,बाल समूह तथा सञ्चार माध्यामबाट बाल यौन शोषण र शारिरीक था मानसिक दुर्व्यवहार विरुद्ध व्यापक चेतना जागरण कार्यक्रम संचालन गरिनेछ । स्थानीय स्तरसम्म

रामचन्द्र चौधरी
नगर प्रमुख

Scanned with CamScanner

बालबालिकाको बेचबिखन, ओसारपसार र बालविवाह विरुद्ध चेतना जागरण कार्यक्रम संञ्चालन गरिनेछ। पालिका स्तरसम्म बालसंरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न सञ्चार लगायत अन्य उपयुक्त माध्यामको परिचालन गरिनेछ।

९.४. बालश्रम न्युनीकरण गर्नका लागि निजी क्षेत्रसँग समन्वय र साझेदारी गरिनेछ। बालश्रम प्रयोग नगर्ने रोजगारदातालाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।

९.५. विद्यालय र बालबालिका सक्रिय रहने अन्य क्षेत्रलाई शान्ति क्षेत्र घोषणा गरिनेछ।

९.६. विकासका साझेदारबाट सञ्चालन हुने कार्यक्रममा बालसंरक्षणका बिषयलाई समावेश गर्न प्रोत्साहन गरिनेछ।

९.७. बालसंरक्षणको क्षेत्रमा परिवार तथा समुदायको क्षमता अभिवृद्धि गरी परिचालन गरिनेछ।

९.८. विद्यालय, स्वास्थ्य संस्था,सामुदायिक संसथा लगायत बालबालिकासँग प्रयत्क्ष सम्बन्ध हुने सबै संस्थाले आफ्नो परिषद एवं कार्यस्थलमा बालबालिकालाई हुन सक्ने हानीबाट जोगाउन बालसंरक्षण सम्बन्धी आचार संहिता बनाई कार्यान्वयन तथा प्रचार प्रसार गरिनेछ।

९.९. पालिकास्तरमा बालसंरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्न बालबालिकासँग प्रत्यक्ष कार्य गर्ने, सरकारी गैरसरकारी सघं संस्था, नागरीक समाज एवं बाल समूह तथा उक्त संसथाहरुको सञ्जाल कार्यदललाई परिचालन गरिनेछ।

९.१०.बालसंरक्षण घटनाहरु जस्तै : बालविवाह, बालश्रम, यौनजन्य हिंसा, दुर्व्यवहार, शोषण, शारिरीक दण्ड सजाय, बेचबिखन, घरेलु कामदार, भेदभाव आदि लगायतका घटनाको अभिलेख चुस्त दुरुस्त तरिकाले राखिनेछ यस्तो सुचनाहरु समेत समावेश गरी वार्षिक रुपमा बालबालिकाको स्थितिपत्र प्रकाशन गरी सार्वजनिक गरिनेछ।

९.११.पलिकाको आफ्नो स्रोत तथा सरकारी अनुदान बजेटबाट वार्षिक कम्तिमा १० प्रतिशत वजेट बालबालिकाको हकहित तथा संरक्षणका लागि परिचालन गर्ने व्यवस्था गरिनेछ।

९.१२. राजनीतिक दलहरुको घोषणा पत्रमा बालअधिकार सम्बन्धी विषयवस्तु सम्बोधन गर्न पहल गरिनेछ।

९.१३.अत्याधिक जोखिम परिस्थितिमा रहेका बालबालिकालाई विशेष प्राथमिकता दिइनेछ र तिनीहरुको उद्धार तथा आवश्यक सहयोगको लागि आकस्मिक उद्धार कोषको व्यवस्था गरी परिचालन गरिनेछ।

९.१४. सामाजिक सुरक्षामा बालबालिकाको पहुँच बढाइनेछ।

९.१५.बालमैत्री शासन प्रणाली विकासका लागि पालिकामा बालबालिका सम्बन्धी कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गरिनेछ।

**उदेश्य ७.२ सँग सम्बन्धित रणनीति (बालबालिका प्रतिको विभेद अन्त्य गर्ने)**

९.१६. वञ्चितीकरणमा परेका बालबालिकाका लागि तत्काल आवश्यक सहयोग गरिने व्यवस्था गरिनेछ।

Scanned with CamScanner

९.१७ बालक र बालिकालाई समान शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण तथा सहभागितालाई सुनिश्चित गरी बालिका शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण तथा सहभागितालाई प्राथमिकता दिइनेछ ।

## १०. संस्थागत व्यवस्था र क्षमता विकास

बालअधिकार तथा बालसंरक्षण सम्वर्द्धन र अभ्यासका लागि कानून बमोजिमको पालिका स्तरीय बालअधिकार समिति गठन तथा क्षमता अभिवृद्धि र परिचालन गरिनेछ ।

बालसंरक्षणसगँ सम्बन्धित सूचनाहरु व्यवस्थापन गर्न एक प्रणालीको विकास र प्रयोग गरिनेछ ।

बालअधिकारको दृष्टिकोणबाट योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि संस्थागत र प्रशासनिक संयन्त्रको विकास गरी प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास गरिनेछ ।

स्थानीय बालअधिकार समितिलाई मानवीय तथा भौतिक रुपले श्रोत साधन सम्पन्न बनाई क्षमता अभिवृद्धि गरिनेछ ।

यस पालिकाका प्रत्येक वडा स्तरीय बालअधिकार समिति गठन गरिनेछ । बालबालिकाको सवालसँग प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार रहने पालिका स्थित सहकारी तथा गैरसरकारी संस्था, उपभोक्ता समूहहरु, र विकासका साझेदारहरुलाई बालअधिकारको दृष्टिकोणबाट संवेदनशिल बनाई ती निकाय वा संस्थाको संस्थागत संरचनालाई सक्षम र जिम्मेवार बनाइनेछ ।

बालक्लव /बालसंञ्जाल गठन तथा पूर्नगठन गरी बालक्लव र बालक्लव संञ्जाललाई व्यवस्थित गरी अभिलेख समेत राखिनेछ , बालक्लव तथा सञ्जालमा आवद्ध रहेका बालबालिकाको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

पालिका स्तरीय बालबालिका सम्बन्धी स्थितिपत्र तयारी, प्रकाशन हरेक वर्ष अद्यावधिक गरिनेछ । र बालसंरक्षण सम्बन्धी आचारसहिंता निर्माण गरी कार्यान्वयन गरिनेछ । बालसंरक्षणसँग सम्बन्धित बालमैत्री स्थानीय शासनका सूचकहरु प्राप्त गर्नका लागि योजनावद्ध रुपमा कार्य गरिनेछ ।

## ११. नीतिको कार्यान्वयन

यस नीतिको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी यस पालिकाको रहनेछ रपालिका भित्रका स्थानीय संघ संस्था, विकासका सहकर्मी र नागरिक समाजसँग आवश्यक सहकार्य गरिनेछ ।

रामचन्द्र चौधरी
नगर प्रमुख

विकासका राष्ट्रिय तथा अन्तराष्ट्रिय साझेदार संस्थाबाट सञ्चालन गरिने कार्यक्रम बीच समन्वय गरी समय, श्रम र लागत घटाउने र लाभान्वित बालबालिका र समुदाय बढाउने व्यवस्था गरिनेछ ।

सहकारी निकायहरु, जिल्ला स्थित सम्बन्धित कार्यालयहरु, जिल्ला समन्वय समिति, प्रादेशिक मन्त्रालय तथा निकायहरु र सम्बन्धित सङ्घीय मन्त्रालय तथा निकायहरु बीच कार्यक्रमको प्रगति अनुसार सहकार्य तथा समन्वयात्मक कार्यशैली अवलम्बन गरिनेछ ।

बलसंरक्षणका सवालहरुमा यस पालिकाद्धारा नेतृत्वदायी र सहजकर्ता दुबैको भूमिका निर्वाह गरिने छ। पालिका स्तरमा बालसंरक्षणको नीतिको कार्यान्वयन गरिनेछ। यस अतिरिक्त स्थानीयस्तरमा आवश्यकता अनुसार बालबालिका सम्बन्धी विषयवस्तुमा थप ध्यान दिनका लागि समिति/कार्यदल गठन तथा सिफारिसका लागि समन्वय गरिनेछ र कार्यान्वयनमा जोड दिइनेछ।

## २.अनुगमन तथा मूल्याङ्कन

यस पालिकाले यस नीतिको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन गरी मूल्याङ्कन गरिनेछ । साथै अनुगमन र मूल्याङ्कन गर्नका लागि बालसंरक्षणसँग सम्बन्धित प्रादेशिक र सङ्घीय निकायहरुलाई समेत अनुरोध गर्नेछ ।

## ३. नीतिको पुनरावलोकन तथा परिमार्जन

यस नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको मूल्याङ्कन तथा समिक्षा गरी नीतिमा आवश्यकता अनुसार पुनरावलोकन तथा परिमार्जन गरिनेछ ।

रामचन्द्र चौधरी
नगर प्रमुख

॥ समाप्त ॥

Scanned with CamScanner